जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ | अंक २२७ | २०७८ साल चैत २८ गते सोमबार (11 Apr. 2022 Monday) | मूल्य रु. ५/-

**आगलागीबाट सावधानी अपनाऔं ।**

**निम्न कारणले आगलागी हुनसक्छन्,**
आगोको प्रयोगमा होसियारी नअपनाउँदा ।
प्रज्वलनशील बस्तुको उचित प्रयोग नगर्दा,
हुरी बतास चल्दा,
प्रयोगपछि आगोको उचित व्यवस्थापनमा लापरवाही गर्दा,
चट्याङ पर्दा तथा बिजुलीका तार सर्ट हुँदा ।
**त्यसैले, सचेत रहौं, आगलागीबाट बचौं र बचाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log in : rajbirajdainik.com.np**

यस अंक भित्र : २ पृष्ठमा : निर्वाचन आचारसंहिता : के गर्न.. ३ पृष्ठमा : व्यक्तिगत श्रम स्वीकृतिमा... ३ पृष्ठमा : पाकिस्तानका प्रधानमन्त्री ...

## गजेन्द्र नारायण सिंहको स्मरणमा विभिन्न कार्यक्रम



**दैनिक समाचारदाता**
**राजविराज, २७ चैत ।**

मधेश अधिकार लागी संगठित अभियानको नेतृत्व गरेका स्व. नेता गजेन्द्र नारायण सिंहको योगदान बारे आइतबार गृह जिल्ला सप्तरीमा उनको सम्झनामा बिभिन्न कार्यक्रम गरि जन्मजयन्ती मनाईएको छ ।

स्व. नेता सिंहको ९३ औं जन्मजयन्तीका अबसरमा लोसपा नेपाल, गजेन्द्र नारायण सिह अध्ययन केन्द्र तथा नेपाल सद्भाबना पार्टीले छुट्टाछुट्टै कार्यक्रमको आयोजना गरी जन्मजयन्ती मनाएका हुन् । स्व. नेता सिंहको जन्मजयन्तीको अवसरमा लोसपाका नेता विनोद यादवले लडडु समेत बाँडेका छन ।

सप्तरीको तिलाठी कोइलाडी गाँउपालिका घर भएका स्व. सिंह रामनवमी कै दिन जन्मिएका थिए । प्रत्येक बर्ष रामनवमीका दिन उनका अनुयायीहरुले बिभिन्न कार्यक्रमको आयोजना गरी जन्मजयन्ती मनाउने गरेका छन् ।

नेपाल सद्भाबना पार्टीका संस्थापक अध्यक्ष एवं मधेशबादका प्रणेता समेत भनिने स्व.सिंहको जन्मजयन्तीको अबसरमा राजबिराजस्थित गजेन्द्र चौकमा सरसफाई गरिनुका साथै स्व.सिंहको सालिक समेत सिंगारिएको छ ।

सो अवसरमा लोसपाका जिल्ला अध्यक्ष सुनिल झा, राजविराज नगरपालिकाकी उपप्रमुख साधना झा, लोसपाका केन्द्रिय सदस्य दिपेन्द्र चौधरी, विनोद यादव, विनोद सिंह, लोसपाका नेता एवं जिल्ला समन्वय सप्तरीका प्रमुख प्रभाकर यादव, महिला नेतृ पुनम यादव लगायतले शालिकमा माल्यापर्ण गर्दै स्व.सिंहको योगदान बारेमा चर्चा गरेका थिए ।

सोही क्रममा उक्त स्थानमा पुगेका नेपाल सद्भावना पार्टीका

*बाँकी तीन पृष्ठमा*

## स्व. नेता सिंह र रायको शालिक अनावरण





**दैनिक समाचारदाता**
**राजविराज, २७ चैत ।**

रामनवमीको अवसर पारेर नेपाल सद्भावना पार्टीका संस्थापक अध्यक्ष स्व. गजेन्द्र नारायण सिंह तथा सोही पार्टीका संस्थापक नेता स्व. धर्मनारायण रायको शालिक छुट्टाछुट्टै स्थानमा आइतबार अनावरण गरिएको छ ।

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका वडा नं. ४ कोइलाडीस्थित गजेन्द्र नारायण सिंह हटिया (जिरिया हटिया) मा स्व. सिंहको शालिक राष्ट्रियसभा सदस्य शेखरप्रसाद सिंहले अनावरण गरेका छन् ।

यस्तै सोही गाउँपालिका वडा नं. ५ बनरझुलामा स्व. धर्मनारायण रायको शालिक पनि राष्ट्रिय सभा सदस्य सिंहले अनावरण गरे ।

स्व. रायको घर अगाडी नै शालिक निर्माण गरि अनावरण गरिएको गाउँपालिका अध्यक्ष सतिशकुमार सिंहले जानकारी दिए ।

नेपाल सदभावना पार्टीका जिल्ला अध्यक्ष समेत भएका राय को. बरसाइनका पुर्वप्रधानपञ्च

*बाँकी तीन पृष्ठमा*

## राजविराजमा पहिलो पटक लिफ्ट सुविधा



**दैनिक समाचारदाता**
**राजविराज, २७ चैत ।**

राजविराजमा पहिलो पटक लिफ्ट सुविधासहितको कार्यालय र व्यवसाय सेवा संचालनमा आएको छ ।

राजविराज वडा नं ७ हरिराम जोशीको स्वामित्वमा रहेको घरमा आइतबार लिफ्ट सेवाको शुभारम्भ गरिएको हो । जोशी स्यवमले पूजापाठ पश्चात् लिफ्टको उद्घाटन गरेका हुन् ।

उक्त चार तल्ले भवनमा हाल कृषि विकास बैंक, नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र

*बाँकी तीन पृष्ठमा*

## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

## सम्पादकीय

# स्थानिय पर्यटन स्थलप्रति ध्यान पु¥याउनु आवश्यक

सप्तरीका पर्यटन स्थलप्रति स्थानिय जनप्रतिनिहरुको ध्यान नपुगेपछि अहिले ती स्थलहरु ओझेलमा परेका छन् । मधेश प्रदेश अन्तरगत आन्तरिक पर्यटन स्थलहरु सप्तरीमा एक दर्जन जति छन् । तर, ती स्थलहरु उचित सम्बर्द्धन र विकासको अभावमा बाझो परेको अवस्था रहेको छ । नेपालको प्रख्यात पर्यटकीय स्थलहरुमा मात्र नेपाल सरकारको ध्यान पुगेको छ । स्थानिय स्तरका पर्यटकीय स्थलहरुमा नेपाल सरकार, प्रदेश सरकार र स्थानिय सरकारको ध्यान पुग्न सकेको छैन् । यसमा पनि सरकारले मुलुकको पहाडी क्षेत्रहरुको पर्यटकीय स्थलहरुको बिकासमा बढी जोड दिएको देखिन्छ । मधेशका जिल्लाहरुमा पनि मनमोहक पर्यटकीय स्थलहरु छन् । तर, यसमा नेपाल सरकारको ध्यानाकृष्ट भएको देखिन्न् ।

हुनत मधेश प्रदेशका स्थानिय निकायले समेत आफ्नो क्षेत्रमा पर्ने मनमोहक पर्यटकीय स्थलप्रति चासो दिएको देखिदैन् । जबसम्म स्थानिय स्तरबाटै ती स्थलहरुको बारे चर्चा गरिदैन तबसम्म त्यस्ता स्थलहरु ओझेलमै पर्दै जानेछन् । सप्तरीको कुरा गर्ने हो भने शिवशनिधाम, लोहजरा दह, धारापानी, दुधेला खोला, कृष्णासवरण स्थल लगायतका स्थलहरु स्थनिय निकायको हेलचक्राइका कारण अहिलेसम्म ओझेलमा परेको छ । स्थानिय तहले हालसम्म ती क्षेत्रहरुको सम्बर्द्धन तथा विकासका लागि कुनै बजेट बिनियोजन गरेको देखिदैन । स्थानिय सरकारले भौतिक संरचना निर्माण, मर्मत, गोष्ठी, अन्तरक्रिया लगायतमा बजेट दिएर आफ्नै क्षेत्रमा रहेका पर्यटकीय स्थलहरुलाई बेनजर गर्दै आएको छ ।

स्थानिय सरकारले आन्तरिक श्रोत साधनलाई उपयोग गरि पर्यटकीय स्थललाई बढावा दिनु आवश्यक छ । जसले गर्दा आम्दानीको श्रोत बढाउन सकिन्छ । तसर्थ आफ्नो क्षेत्रमा पर्ने आन्तरिक पर्यटकीय स्थलहरुबारे गम्भिरता पूर्वक चासो देखाउनु आवश्यक छ । ती स्थलहरु बारे ठोस नीति बनाएर अघि बढ्नु जरुरी छ । त्यसका लागि स्थानियवासीले नै स्थानिय सरकारलाई दबाब दिनु आवश्यक छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# निर्वाचन आचारसंहिता : के गर्न पाइन्छ ? के गर्न पाइँदैन ?

**नारायण न्यौपाने**
काठमाडौं, २७ चैत (रासस) ।

निर्वाचन आयोगले निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, मितव्ययी र भयरहित तुल्याउन निर्वाचन आचारसंहितको प्रभावकारी कार्यान्वयनमा जोड दिँदै आएको छ । आगामी वैशाख ३० गते शुक्रबार हुने स्थानीय तह निर्वाचनका लागि राजनीतिक दल र सरोकारवाला पक्षसँग छलफलका आधारमा तयार गरिएको निर्वाचन आचारसंहिता हिजोदेखि लागू भइसेको छ ।

आचारसंहितामा निर्वाचनको प्रक्रियालाई प्रतिकूल प्रभाव पार्ने गरी कसैको पक्ष वा विपक्षमा विचार राख्न, प्रचारप्रसार गर्न, कुनै विद्युतीय सामग्री उत्पादन गर्न तथा सामाजिक सञ्जालमा प्रकाशन गर्न वा अरुले प्रकाशन गरेका सामग्री शेयर गर्न नहुने आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले बताउनुभयो ।

अघिल्ला निर्वाचनमा मतपरिणामलाई नै प्रभावित पार्ने गरी पद र पैसाका माध्यमबाट चलखेल भएको भन्ने व्यापक जनगुनासो आएपछि आयोगले यस पटक आचारसंहिताको अनुगमन र कार्यान्वयनलाई विशेष प्राथमिकतामा राखेको छ । आयोगबाट जारी आचारसंहितामा भनिएको छ, "सामाजिक सञ्जालमा गलत भ्रामक सूचना प्रवाह गर्न, गराउन वा झुटा साइट, एकाउण्ट सञ्चालन गर्न वा गराउन कसैको चरित्र हत्या हुनेगरी व्यक्तिगत लाञ्छना वा मानहानी हुने प्रकृतिका सामग्री कुनै स्वरूपमा उत्पादन गर्न प्रकाशन वा प्रसारण गर्न निषेध गरिएको छ ।"

कुनै राजनीतिक दल वा उम्मेदवारले आफ्नो निजी वा आधिकारिक पेजमा आफ्नो सिद्धान्त, विचार, प्रतिबद्धता र कार्ययोजना राखी प्रचारप्रसार गर्न सकिने नै हुँदा सामाजिक सञ्जालको उपयोगलाई मर्यादित र व्यवस्थित ढङ्गले परिचालन गर्न आयोगले आग्रह गरेको छ ।

**के गर्न पाइँदैन**

आचार संहिताले राजनीतिक दल वा उम्मेदवारको निर्वाचन चिह्न अङ्कित ज्याकेट, कमिज, भेष्ट, टि-सर्ट, टोपी वा क्याप, गम्छा, मास्क, लकेट वा अन्य कुनै किसिमको पहिरन वा स्टिकर, लोगो, झोला, ब्याच, ट्याटु जस्ता साङ्केतिक सामग्री उत्पादन गर्न, बिक्री वितरण गर्न वा प्रदर्शन गर्न वा गराउन रोक लगाएको छ ।

राजनीतिक दल, उम्मेदवार तथा दलको भ्रातृ सङ्गठनले जुलुस, आमसभा, कोणसभा, बैठक, भेला एवं निर्वाचन प्रचारप्रसारसम्बन्धी कार्य गर्दा सभ्य र अनुशासित तरिकाले गर्नुपर्ने तथा जुलुस वा आमसभामा भाग लिने वा प्रचारप्रसार गर्ने व्यक्तिले दलको निर्वाचन चिह्न वा झण्डा अङ्कित लोगो वा स्टिकर वा कपडा, टोपी वा क्याप, भेष्ट, टि-सर्ट, ज्याकेट, कमिज, गम्छा, ब्याच, मास्क वा लकेट लगाउन वा झोला बोक्न नहुने आचारसंहितामा उल्लेख छ ।

निर्वाचन आचारसंहितालाई पालना गर्न निर्वाचन तथा मतगणनामा खटिने कर्मचारी, राजनीतिक दल वा उम्मेदवारको प्रतिनिधि, मतदान प्रतिनिधि र मतगणना प्रतिनिधिले निर्वाचनको कार्यमा खटिँदा अनुसूचीबमोजिमको प्रतिबद्धतापत्रमा दस्तखत गर्नुपर्ने नयाँ व्यवस्था गरिएको छ । निर्वाचनको परिणामको विषयमा कुनै अदालतमा प्रश्न उठाउन पाउने नागरिक अधिकारलाई कुण्ठित गर्ने नभई निर्वाचन व्यवस्थापनमा स्वच्छता, निष्पक्षता र प्रभावकारिता अभिवृद्धि गर्नेमा आयोग विश्वस्त छ ।

**के गर्न पाइन्छ**

राजनीतिक दल तथा उम्मेदवारले निर्वाचन प्रचारप्रसारको सिलसिलामा पचहत्तर ग्रामसम्मको कागजमा तीनसय वर्ग इन्चसम्म आकारको एउटै रङको पर्चा, उम्मेदवारको कार्यालयमा तीन बाइ तीन फिटसम्मको दलको झण्डा र सोही नापको चुनाव चिह्न र उम्मेदवारले 'ए' फोर साइजको कागजमा आफ्नो व्यक्तिगत पहिचान (बायोडाटा) को बिवरण वितरण गर्न सक्ने व्यवस्था गरिएको छ ।

राजनीतिक दल तथा उम्मेदवारले जुलुस, आमसभा, कोणसभा बैठक, भेला वा यस्तै प्रकृतिका प्रचारप्रसारसम्बन्धी कार्यक्रम गर्दा तथा निर्वाचन अधिकृतको अनुमति लिई सवारीसाधन प्रयोग गर्दा सोहीबमोजिमको आकार र सङ्ख्याको दलको झण्डा र चुनाव चिह्न मात्र प्रयोग गर्न आयोगले आग्रह गरेको छ ।

कुनै लाभको पद धारण नगरेको भन्ने व्यवस्थालाई उम्मेदवार आफैँले स्वघोषणामार्फत उम्मेदवारी दर्ता गराउन सक्ने र स्वघोषणाको निज स्वयं नै जिम्मेवार हुने व्यवस्था रहेको छ ।

स्थानीय तहका बाहालवाला पदाधिकारीको अधिकारका लागि भोलि हुनसक्ने खतरा र दुर्घटनाबाट बच्न राजीनामा वा स्वघोषणासम्बन्धी प्रावधानबारे आयोगले समयमै जानकारी गराएको आयोगको भनाइ छ । स्थानीय तहका बहालवाला पदाधिकारीको उम्मेदवारी दर्ता तथा छानबिनको विषयलाई ऐन नियमको परिधिभित्र रही तदनुरूप नै कार्यान्वयन गरिने आयोगको विज्ञप्तिमा उल्लेख छ ।

निर्वाचन आचारसंहिता नैतिक बन्धनको संहिताको रूपमा रहेको कानूनी दस्तावेज एवं सरोकारवाला सबैले पालना गर्नका लागि स्वीकार गरिएको नैतिक नियम हो । आचारसंहिता कार्यान्वयनमा केही कानूनी र संरचनागत सीमितता रहे पनि आचारसंहिताको प्रयोग कानूनभन्दा माथि हुने भएकाले राजनीतिक दल र उम्मेदवारलगायत अन्य सबै निर्वाचन सरोकारवालाबाट आचारसंहिताको पूर्ण पालना हुन्छ भन्ने आयोगले विश्वास लिएको छ ।

**हुनसक्छ उम्मेदवारी रद्ध**

आचारसंहिताको उल्लङ्घन भएमा आचारसंहिता उल्लङ्घनको प्रकृति र स्वरूप हेरी सचेत गराउने, सूचना सार्वजनिक गर्ने, कानूनत: जरिवाना वा दण्डसजायलाई कार्यान्वयन गर्ने तथा उम्मेदवारको उम्मेदवारी रद्दसम्म हुने कानूनी व्यवस्थालाई कार्यान्वयन गरिने प्रवक्ता शर्माले जानकारी दिनुभयो ।

राजनीतिक दल, उम्मेदवार तथा सम्बन्धित सरोकारवालासँगको समन्वय र सहजीकरणलाई व्यवस्थित गर्दै स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयमुक्त वातावरणमा निर्वाचन सम्पन्न गर्न आचारसंहिताको अनुगमनलाई आयोगले प्राथमिकताको विषय बनाएको छ । आचारसंहिता अनुगमनलाई केन्द्रदेखि स्थानीय तहसम्म विभिन्न अनुगमन संरचना

*बाँकी तीन पृष्ठमा*

**हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल**

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुबैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता - रुपनी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, रुपनी, सप्तरी**

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# व्यक्तिगत श्रम स्वीकृतिमा विदेश जानेलाई स्वघोषणा अनिवार्य

काठमाडौं, २७ चैत (रासस) ।

व्यक्तिगत श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका अधिकांश नेपाली विदेशमा अलपत्र पर्ने थालेपछि सरकारले त्यस्तो बाटोबाट वैदेशिक रोजगारीमा जाने व्यक्तिले स्वघोषणा पत्र अनिवार्यरूपमा भर्नुपर्ने व्यवस्था गरेको छ ।

वैदेशिक रोजगारीका नाममा भिजिट भिसा र व्यक्तिगत श्रम स्वीकृति लिएर गएका व्यक्ति अलपत्र पर्ने, ठगिने, सरकारले तोकेकोभन्दा बढी शुल्क तिर्न बाध्य पारिने जस्ता प्रवृत्ति देखिएपछि वैदेशिक रोजगार विभागले स्वघोषणा पत्र भर्नुपर्ने व्यवस्था गरेको हो । तत्कालका लागि साउदी अरेबिया, कतार, कुवेत, संयुक्त अरब इमिरेट्स (युएई), क्रोएसिया, अल्बानिया, पोल्यान्ड, रोमानिया, स्लोभाकिया, हङ्गेरी, माल्डोभा र बेलारुसमा भिजिट भिसा तथा तथा व्यक्तिगत श्रम स्वीकृतिमा जाने व्यक्तिले स्वघोषणा पत्र अनिवार्यरूपमा भर्नुपर्ने विभागमा महानिर्देशक शेषनारायण पौडेलले जानकारी दिनुभयो ।

वैदेशिक रोजगारीमा व्यक्तिगतरूपमा जाने श्रमिकले श्रम स्वीकृति लिंदा नै त्यस्तो स्वघोषणा भर्नुपर्ने छ । उक्त व्यवस्था आगामी वैशाख १ गतेदेखि कार्यान्वयनमा आउने विभागले जनाएको छ । विभागले 'व्यक्तिगत श्रम स्वीकृति लिने प्रक्रियासम्बन्धी निर्देशिका-२०६९' अनुसार सो व्यवस्था लागू गरेको हो ।

व्यक्तिगत श्रम स्वीकृतिमा वैदेशिक रोजगारीमा जाने श्रमिकले राहदानीको प्रतिलिपि, सम्बन्धित सरकारबाट जारी प्रवेशाज्ञाको प्रतिलिपि, रोजगार सेवा, सर्त, सुविधा र तलब ( पारिश्रमिक) स्पष्ट उल्लेख भएको करार वा सम्झौतापत्रको प्रतिलिपि दूतावासमा पेस गर्नुपर्नेछ ।

रोजगारदाताको इजाजत दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्पोन्सरको परिचयपत्रको प्रतिलिपि, रोजगारदाता कम्पनीको ट्रेड लाइसेन्सको प्रतिलिपि वा निजी कामदारको हकमा रोजगारदाताको राहदानी वा परिचयपत्रको प्रतिलिपि, संस्थामा जाने कामदारका हकमा कम्पनीको संक्षिप्त विवरण र गन्तव्य मुलुकको सरकारले रोजगारादता संस्थालाई वा स्पोन्सरलाई दिएको पत्र स्वीकृतिपत्र पेस गर्नुपर्ने विभागले जनाएको छ ।

व्यक्तिगत श्रममा जाने व्यक्तिले रोजगारदाता कम्पनी वा स्पोन्सरमार्फत अङ्ग्रेजी भाषामा अनुवाद गरिएका कागजात प्रमाणीकरणका लागि दूतावासमा दिनुपर्नेछ ।

**संस्थागत श्रम स्वीकृति अनलाइनबाट मात्रै**

विभागले आगामी वैशाख २ गतेदेखि संस्थागत श्रम स्वीकृति ( म्यानपावर कम्पनीमार्फत लिइने श्रम स्वीकृति) अनलाइन प्रणालीबाट मात्रै जारी गर्ने भएको छ । श्रम स्वीकृतिलगायत वैदेशिक रोजगारसँग सम्बन्धित सेवालाई प्रविधिमैत्री बनाउँदै लैजाने रणनीतिअनुसार संस्थागत श्रम स्वीकृति अनलाइनबाट जारी गर्ने व्यवस्था मिलाइएको विभागका महानिर्देशक पौडेलले जानकारी दिनुभयो ।

विभागले गत माघ २ गतेदेखि पुनः श्रम स्वीकृति पनि अनलाइनबाट प्रदान गर्दै आएको छ । श्रम स्वीकृति अनलाइनबाट जारी हुन थालेसँगै वैदेशिक रोजगार कार्यालयमा हुने भीडभाड घटेको छ । अनलाइन प्रणालीले गर्दा सेवा प्रवाहमा व्यापक सुधार भएको विभागले दाबी गरेको छ ।

श्रम स्वीकृतिका लागि सेवाग्राही तथा म्यानपावरका कर्मचारी विभागका कार्यालयमा जानुपर्ने अवस्था अन्त्य भएको छ । सम्पूर्ण सेवा 'फेसलेस' बनाइसकिएको अवस्थामा विना कारण म्यानपावर कम्पनीका कर्मचारी कार्यालयमा देखिए सम्बन्धित संस्था र व्यक्तिलाई कारबाही हुने विभागले चेतावनी दिएको छ ।

*स्व. नेता सिंह ...*

पनि बनेका थिए ।

रायको गत वर्ष कोरोना संक्रमणका कारण निधन भएको थियो । उनको योगदान र संघर्षलाई स्मरण गर्दै शालिक निर्माण गरिएको हो ।

मधेश प्रदेसका अर्थमन्त्री शैलेन्द्र प्रसाद साहले गत चैत ११ गते स्व. रायको नाममा स्वागत द्वार निर्माणका लागि शिलान्यास समेत गरेका छन् ।

*राजविराजमा ...*

विभिन्न व्यवसायीक प्रतिष्ठान भाडामा संचालनमा रहेका छन् ।

लिफ्ट उद्घाटन समारोहमा राजविराज नगरपालिकाका प्रमुख शम्भु प्रसाद यादव, पूर्व नगर प्रमुख शैलेश प्रसाद चौधरी, वडा अध्यक्ष मांगिलाल नाई लगायत स्थानिय व्यवसायी, कर्मचारी, जनप्रतिनिधिहरुको उपस्थिति रहेको थियो ।

*गजेन्द्र नारायण ...*

केन्द्रीय अध्यक्ष रामकुमार महतो, महामन्त्री नागेन्द्र प्रसाद सिंह, केन्द्रीय सदस्य दशरथ यादव, सिरहाका जिल्ला अध्यक्ष जिवछ यादव लगायतले पनि स्व.सिंहको शालिकमा माल्यार्पण गरेका थिए ।

जन्मजयन्तीकै अवसर पारेर गजेन्द्र नारायण सिंह अध्ययन केन्द्र सप्तरीले पनि स्मरण दिवसको आयोजना गरेको छ । जिल्ला समन्वय समिती सप्तरीको परिसरमा रहेको केन्द्र भवनमा अध्ययन केन्द्रका प्रमुख समेत रहेका जिल्ला समन्वय समितिका प्रमुख प्रभाकर यादवको अध्यक्षतामा आयोजित कार्यक्रममा सहभागी वक्ताहरुले स्व.सिंहले मधेशको राजनीतिमा पुऱ्याएको योगदान भावी पुस्ताका लागी अनुकरणीय रहेको बताएका थिए ।

गजेन्द्र नारायण सिंहले २०४७ सालमा सदभावना परिषद हुँदै नेपाल सदभावना पार्टी गठन गरेका थिए ।

*निर्वाचन आचारसंहिता ...*

क्रियाशील रहने आयोगले जनाएको छ ।

निर्वाचनमा अनलाइन प्रकाशन तथा सामाजिक सञ्जाल प्रयोगकर्ताले आफूले प्रकाशन, प्रसारण र सम्प्रेषण गरेको निर्वाचन सामग्रीप्रति जिम्मेवार बनाई दुरुपयोग र त्यसबाट हुने साइबर अपराधको नियमन र नियन्त्रण गरी निर्वाचनमा डिजिटल माध्यमबाट हुनसक्ने सम्भावित हस्तक्षेप रोक्ने विषय निकै चुनौतीपूर्ण रहेको आयोगले महसुस गरेको छ ।

सामाजिक सञ्जालबाट हुनसक्ने निर्वाचनसम्बन्धी तथ्यहीन, गलत, भ्रामक, अनुमानित र आचारसंहिता विपरित सूचना तथा जानकारीको सम्प्रेषण तथा सम्भावित मिथ्या सूचना, दुष्प्रचार, सूचना तोडमोड र द्वेषपूर्ण अभिव्यक्तिको नियमन र नियन्त्रणका लागि आयोगले संयन्त्र बनाएको छ ।

**हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल**

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता - सडक नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर, सप्तरी**

**डा. आदर्श कुमार सिंह**

**Dr. Adarsh Kumar Singh**

MBBS, MD TU

NMC Reg. No. : 9413

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

वरिष्ठ नवजात शिशु तथा बालरोग

**सम्पर्क : जयश्री कृष्ण फार्मेशी**

**गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी**

Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734

## विश्व समाचार

### पाकिस्तानका प्रधानमन्त्री पदमुक्त

इस्लामाबाद, २७ चैत (रासस/सिन्हवा) ।

पाकिस्तानका प्रधानमन्त्री इमरान खान पदमुक्त हुनुभएको छ । उहाँले संसद्मा आफ्नो पक्षको बहुमत गुमाउनुभएको छ ।

उहाँले गत हप्ता संसद् विघटन गरेकामा यहाँको सर्वोच्च अदालतले पुनःस्थापना गरिदिएको थियो । अदालतको आदेशबमोजिम शनिबार पाकिस्तानको संसद्मा उहाँको पक्षमा मत नरहेका भन्दै मतदान भएको थियो ।

शनिबार अपराह्न यहाँको संसद्मा दोस्रो पटक मतदान कार्यक्रममा संसद्मा आफ्नो बहुमत गुमाउनुभयो ।

उहाँलाई बर्खास्त गर्न विपक्षीलाई जम्मा १७२ मत मात्र आवश्यक पर्नेमा उहाँको विपक्षमा १७४ मत आएको थियो । संसद्मा बहुमत गुमाएपछि उहाँ स्वतःपदमुक्त हुनुभएको हो ।

पाकिस्तानका सञ्चारमाध्यमले पाकिस्तानको संसद्ले उहाँका विरुद्धमा दर्ता गरिएको अविश्वासको प्रस्तावको पक्षमा मत दिएपछि उहाँ पदमुक्त हुनुभएको समाचार सम्प्रेषण गरेका छन् ।

बढ्दो मुद्रास्फीति, डलरसँग कमजोर बनेको पाकिस्तानी मुद्रा र कर्जा व्यवस्थापनका कारण यहाँ पनि आर्थिक सङ्कट देखिएको छ ।

विविध कारणहरु देखाएर पाकिस्तानको संसद्मा यहाँका विपक्षी सांसदले अविश्वासको मत दर्ता गरेका थिए । त्यस लगत्तै प्रधानमन्त्रीले संसद् विघटन गर्नुभएको थियो ।

### पाकिस्तानको राष्ट्रियसभाले सोमबार नयाँ प्रधानमन्त्री चयन गर्ने

पाकिस्तान (इस्लामाबाद), २७ चैत (रासस-एएनआई) ।

इमरान खानको सरकारले विश्वासको मत गुमाएपछि पाकिस्तानको संसद्ले नयाँ प्रधानमन्त्री चयन गर्न अप्रिल ११ ( सोमबार)का लागि मतदान गर्ने प्रक्रिया अगाडि बढाएको छ ।

सर्वोच्च अदालतले यसअघि विपक्षी प्रायोजित अविश्वास प्रस्तावलाई खारेज गर्ने उपसभामुखको निर्णयलाई खारेज गरिदिएसँगै राष्ट्रियसभामा उच्च राजनीतिक गतिरोधको अन्त्यका लागि इमरान खान सरकारलाई सत्ताबाट बहिर्गमित गरिएको छ ।

कूल ३४२ सदस्यीय सदनमा प्रस्तावको पक्षमा १७४ सदस्यले मतदान गरेका थिए । मतदानका क्रममा सत्तारुढ पाकिस्तान तहरीक-ए-इन्साफ (पीटीआई)का सदस्य उपस्थित थिएनन् ।

राष्ट्रियसभाका अध्यक्ष अयाज सादिकलाई उद्धृत गर्दै डन अखबारले नयाँ प्रधानमन्त्रीका लागि आइतबार दिउँसो २ बजेसम्म मनोनयनपत्र पेस गर्न सकिने र दिउँसो ३ बजेसम्म छानबिन हुने बताएको छ ।

उनले सोमबार बिहान ११ बजे अधिवेशन आह्वान गर्दै त्यसपछि नयाँ प्रधानमन्त्री चयन गरिने बताए ।

पाकिस्तान मुस्लिम लिग-नवाज (पीएमएल-एन)का अध्यक्ष शेहबाज शरीफ, जो हाल नेशनल एसेम्बलीमा विपक्षी नेता छन् आगामी प्रधानमन्त्री बन्ने निश्चित प्रायःछ ।

### ट्रम्पले आगामी अमेरिकी राष्ट्रपति चुनावमा उम्मेदवारी दिन सक्ने

अमेरिका (वासिङ्टन), २७ चैत (रासस-एएनआई/स्पुतनिक) ।

पूर्वअमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफूले फेरि राष्ट्रपतिको उम्मेदवारी दिनसक्ने बताउनु भएको छ । यद्यपि यस सम्बन्धमा अहिलेसम्म कुनै आधिकारिक घोषणा भने भइसकेको छैन ।

"सत्य यो हो कि म दुई पटक राष्ट्रपतिको दौडमा भाग लिएँ, मैले दुई पटक जितें, मैले पहिलो पटकभन्दा दोस्रो पटक धेरै राम्रो गरें । र अब हामीले यो फेरि दौडमा भाग लिनुपर्ने हुनसक्छ ।

के यहाँ कोही छ जसले मलाई निर्वाचनमा भाग लिएको हेर्न चाहन्छ ? "सेल्मा, उत्तरी क्यारोलिनामा शनिबारको ऱ्यालीमा ट्रम्पले आफ्ना समर्थकलाई प्रतिप्रश्न गर्नुभयो । ट्रम्पले अमेरिकी राष्ट्रपति जो बाइडेनको प्रशासनलाई एकपछि अर्को अपमानजनक आत्मसमर्पण" गरेको आरोप लगाउनुभएको छ । ट्रम्पले अमेरिकासँग सबैभन्दा बलियो आणविक क्षमता भएको पनि औंल्याउनुभयो ।

मार्चको अन्त्यमा ट्रम्पले फक्स बिजनेशलाई भन्नुभएको थियो यदि उहाँ अहिले पनि राष्ट्रपति भइरहेको भए रुसलाई आणविक पनडुब्बीको धम्की दिनुहुने थियो ।

यस महिनाको शुरुमा द हिलले रिपोर्ट गरेको पोल डाटाले ट्रम्प सन् २०२४ को काल्पनिक राष्ट्रपति अभियान म्याचअपमा राष्ट्रपति बाइडेन र उपराष्ट्रपति कमला ह्यारिस दुवैभन्दा अगाडि भएको देखाएको थियो ।

# सेनाद्वारा सशस्त्र प्रहरीलाई इन्सास राइफलसहित ५९० थान हतियार हस्तान्तरण

काठमाडौँ, २७ चैत (रासस)।
नेपाली सेनाले सशस्त्र प्रहरी बल नेपाललाई ५९० थान हतियार तथा एम्युनिशन उपलब्ध गराएको छ।

सैनिक मुख्यालय जङ्गी अड्डामा आइतबार आयोजित समारोहमा प्रधानसेनापति प्रभुराम शर्माले इन्सास राइफल ५०० नाल र लाइट सपोर्ट वेपन (एलएसडब्लु) ९० नाल एवं सोको एम्युनिशनसहित सामग्री सशस्त्र प्रहरी बलका महानिरीक्षक शैलेन्द्र खनाललाई हस्तान्तरण गर्नुभएको हो।

सशस्त्रलाई तालिम, विशिष्ट र अति विशिष्ट व्यक्तिको सुरक्षा, कार्यालय सुरक्षा तथा ठूला कार्यक्रम सञ्चालनका लागि ती हतियार उपलब्ध गराइएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ।

मन्त्रिपरिषद्को यही चैत २४ गते बसेको बैठकमा सेनाद्वारा सहयोगस्वरुप सशस्त्र प्रहरीलाई इन्सास राइफल नौ हजार नाल र एलएसडब्लु एक हजार ६०० नाल हतियार उपलब्ध गराउने निर्णय भएको थियो।

सोहीअनुरुप सेनाले आइतबार ती हतियार हस्तान्तरण गरेको र बाँकी हतियार तथा एम्युनिशन क्रमशः हस्तान्तरण गर्दै जाने सेनाले जानकारी दिएको छ। ती हतिरयारबाट सशस्त्र प्रहरी बलको क्षमता अभिबृद्धि हुनाका साथै सुरक्षा निकायबीच सम्बन्धसमेत थप सुमधुर हुने सेनाले विश्वास लिएको छ।

हस्तान्तरण समारोहमा रक्षा मन्त्रालयका सचिव किरणराज अर्याल र गृह मन्त्रालयका सचिव टेकनारायण पाण्डे, बलाधिकृत रथी बालकृष्ण कार्की, बलाध्यक्ष रथी सरोज प्रताप राणा, व्यवस्था, नीति तथा योजना विभाग प्रमुख उपरथी अशोकराज सिग्देललगायत उपस्थित हुनुहुन्थ्यो।

# टेलिकमको डेटा सेवाको बजार हिस्सामा उल्लेख्य वृद्धि

काठमाडौँ, २७ चैत (रासस)।
नेपाल दूरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम) को भ्वाइस सेवाको ग्राहक आधार ५.५७ प्रतिशतले वृद्धि भई दुई करोड ११ लाख पुगेको छ। चालु आर्थिक वर्षमा कम्पनीको राजस्वको प्रमुख स्रोतको रूपमा रहेको जीएसएम सेवाको ग्राहक आधार १४.२४ प्रतिशतले वृद्धि भएको छ।

साथै कम्पनीको डाटा सेवाको ग्राहक आधार ३५.३१ प्रतिशतले वृद्धि भई दुई करोड तीन लाख ९७ हजार पुगेको छ। कम्पनीका प्रवक्ता शोभन अधिकारीले कम्पनीको ब्रोडब्याण्ड डाटा सेवाको बजार हिस्सा ५.१४ प्रतिशतले वृद्धि भई ५३.८२ प्रतिशत पुगेको र त्यसरी भ्वाइस र डाटा दुवै सेवामा कम्पनी नेपालको अग्रणी संस्थाको रूपमा स्थापित हुन सफल भएको जानकारी दिनुभयो।

प्रविधिमा भएको विकास र परिवर्तनसँगै भ्वाइस सेवाको व्यापार क्रमशः डाटा तथा अन्य भ्यालु एडेड सेवामा रूपान्तरण हुने क्रममा रहेको, बढ्दो प्रतिस्पर्धाका कारण व्यापार प्रवर्द्धनका लागि प्रतिस्पर्धी मूल्यमा सेवा उपलब्ध गराउनुपर्ने बाध्यता विद्यमान रहेको अवस्थामा समेत कूल राजस्व र खुद नाफा क्रमशः रु ४२ अर्ब २१ करोड र रु सात अर्ब १३ करोड कायम गर्न कम्पनी सफल भएको उहाँले बताउनुभयो।

प्रविधिको विकास, ग्राहकको आवश्यकता, आर्थिक-सामाजिक क्रियाकलापमा सूचना प्रविधिको अपरिहार्यता जस्ता पक्षको विश्लेषण र मूल्याङ्कन गरी कम्पनीले आफ्नो सेवालाई समयसापेक्ष बनाई मुलुकभर ७७ जिल्लाका ७२० भन्दा बढी स्थानीय निकायमा फोरजी एलटिइ सेवा उपलब्ध गराइसकेको र बाँकी स्थानमा छिट्टै यो सेवा विस्तार गर्ने गरी काम भइरहेको उहाँले उल्लेख गर्नुभयो। सोलुखुम्बुको तीन हजार १३० मिटर उचाइमा रहेका विकट ताक्सिन्दु एवं जुभु र ओखलढुङ्गाको विकट सेर्नाजस्ता अत्यन्त दुर्गमस्थानमा मोबाइल सेवा आरम्भ गरिएको छ।

कम्पनीले भ्वाइस सेवालाई डाटा सेवाले प्रतिस्थापन गर्दै लगेकाले डाटाको माग पूर्तिका लागि भ्यालु एडेड सेवा विस्तारलाई प्राथमिकतामा राखेको छ। डिजिटल अर्थतन्त्र विकास र विस्तार गर्न सहयोग गर्ने क्रममा राष्ट्रिय वाणिज्य बैंकसँगको सहकार्यमा मोबाइलमा आधारित वित्तीय सेवा उपलब्ध गराउन नेपाल टेलिकमको सहायक कम्पनीको रूपमा नेपाल डिजिटल पेमेन्ट्स कम्पनी स्थापना भई सेवा सुरु भइसकेको प्रवक्ता अधिकारीको भनाइ छ।

# पूर्वअर्थमन्त्रीत्रयको ध्यानाकर्षण

काठमाडौँ, २७ चैत (रासस)।
पूर्वअर्थमन्त्रीत्रयले आर्थिक स्थायित्व, विकास र सुशासनमा जोड दिन सरकारको ध्यानाकर्षण गराउनुभएको छ।

आइतबार पत्रकार सम्मेलन आयोजना गरेर पूर्वअर्थमन्त्रीहरु विष्णुप्रसाद पौडेल, सुरेन्द्र पाण्डे र डा युवराज खतिवडाले मुलुकको अर्थतन्त्रको खस्किन नदिन सरकारको ध्यानाकर्षण बताउनुभएको हो।

उहाँहरुको वक्तव्यमा बाह्य क्षेत्र सन्तुलन सङ्कटग्रस्त हुँदै गएको, यो आर्थिक बर्ष देशको आयात अनियन्त्रितरुपमा बढेर आठ महिनामा करिब रु १५ खर्ब पुगिसकेको र अहिलेकै अवस्था कायम रहेमा बर्षभरिमा रु २२ खर्बभन्दा बढीको आयात हुने स्थिति रहेको, बढ्दो आयातले उपभोग बढाउने कामबाहेक उत्पादनमा कुनै योगदान नगरेको भन्दै समयमै सोच्न सरकारलाई आग्रह गर्नुभएको छ।

हाल व्यापार घाटा बढेको र अहिलेकै अवस्था कायम रहे यो आर्थिक बर्षको अन्त्यसम्ममा व्यापार घाटा रु २० खर्ब नाघ्ने अनुमान पनि उहाँहरुले गर्नुभएको छ।

उहाँहरुले गभर्नर महाप्रसाद अधिकारीमाथि गरिएको निलम्बनको निर्णयको विरोध पनि गर्नुभएको छ।

# कांग्रेसको प्रवास समन्वय प्रचार-प्रसार उपसमिति गठन

काठमाडौँ, २७ चैत (रासस)।
नेपाली कांग्रेसले स्थानीय तहको निर्वाचनमा पार्टीको पक्षमा प्रचार-प्रसार अभियानलाई व्यापक बनाउन नेपाली जनसम्पर्क समिति अमेरिकाका सभापति गोरख (आनन्द) विष्टको संयोजकत्वमा नेपाली कांग्रेस स्थानीय तह निर्वाचन प्रवास समन्वय प्रचार-प्रसार उपसमिति गठन गरेको छ।

कांग्रेसको स्थानीय तह निर्वाचन प्रचार-प्रसार समितिका संयोजक डा प्रकाशशरण महतको सभापतित्वमा बसेको समितिको बैठकले प्रवासमा रहेका नेपालीमार्फत आगामी वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनमा पार्टीको पक्षमा प्रचार गर्न सो उपसमिति गठन गरेको जनाएको छ।

उपसमितिमा विभिन्न देशमा रहेका कांग्रेसका नेपाली जनसम्पर्क समितिका सभापति तथा सदस्य गरी ८४ सदस्य रहनुभएको पार्टी केन्द्रीय कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले जनकारी दिनुभयो। यसैगरी उक्त उपसमितिअन्तर्गत गौतम दाहालको संयोजकत्वमा १३ सदस्यीय प्रवास मिडिया समन्वय सञ्जालसमेत गठन गरिएको उहाँले बताउनुभयो।


## टाईफाइड रोग विरुद्ध खोप अभियान २०७८/०७९

सप्तरी जिल्लामा यहि मिति २०७८ साल चैत महिना २६ गतेदेखि सबै वडा र स्थानिय तहमा टाईफाइड रोग विरुद्धको खोप अभियान संचालन हुदैछ। यस अभियानमा १५ महिनादेखि १५ वर्ष मुनि उमेर सम्मका सबै बालबालिकाहरुलाई टाईफाइड रोग विरुद्धको खोप लगाईदैछ। यस अभियानमा आ-आफ्ना बालबालिकालाई नजिकैको खोप केन्द्रमा लगेर नछुटाई टाईफाइड रोग विरुद्धको खोप लगाउनु हुन अनुरोध छ। यो अभियान तोकिएको मितिमा आफ्नो स्थानिय तह वा वडा अन्तर्गतको विद्यालय तथा स्वास्थ्य संस्थामा संचालन हुने खोप केन्द्रमा बालबालिकालाई खोप लगाऔं।

**अभियान संचालन हुने गाउँपालिका र नगरपालिकाको नाम र मिति :**

**पहिलो चरण**

| सि.नं. | पालिकाको नाम | मिति |
|---|---|---|
| १ | डाकनेश्वरी नगरपालिका | २०७८/११/२६ गतेदेखि २०७८/११/३० गते सम्म |
| २ | राजगढ गाउँपालिका | |
| ३ | छिन्नमस्ता गाउँपालिका | |
| ४ | बोदेबरसाइन नगरपालिका | |
| ५ | सुरुङ्गा नगरपालिका | |
| ६ | विष्णुपुर गाउँपालिका | |
| ७ | खडक नगरपालिका | |
| ८ | वलान बिहुल गाउँपालिका | |
| ९ | शम्भुनाथ नगरपालिका | |

**दोश्रो चरण**

| सि.नं. | पालिकाको नाम | मिति |
|---|---|---|
| १ | कन्चनरुप नगरपालिका | २०७९/०१/०४ गतेदेखि २०७९/०१/०८ गते सम्म |
| २ | राजविरान नगरपालिका | |
| ३ | हनुमाननगर ककांलिनी नगरपालिका | |
| ४ | सप्तकोशी नगरपालिका | |
| ५ | अग्निसाइर कृष्णसवरण गउँपालिका | |
| ६ | तिरहुत गाउँपालिका | |
| ७ | तिलाठी कोइलाडी गाउँपालिका | |
| ८ | महादेवा गाउँपालिका | |
| ९ | रुपनी गाउँपालिका | |

**जिल्ला खोप समन्वय समिति**
**स्वास्थ्य कार्यालय सप्तरी**

## सामाजिक सञ्जालको दुरुपयोगबारे सचेत रहौं ।

- आफुले प्रयोग गर्ने मोवाईल, कम्प्युटरजस्ता विधुतीय उपकरण सधै लगआउट गरौं ।
- अरुलाई आफ्नो एकाउण्टको पासवर्ड थाहा नदिउँ ।
- साथीभाई वा अन्यको फोटो तथा भिडियो खिच्नु अघि र सामाजिक सञ्जालमा राख्नु अघि अनुमति लिऔं ।
- अपरिचित व्यक्तिको साथी बन्ने प्रस्ताव आए अस्वीकार गरौं ।
- सामाजिक सञ्जालमै चिनेको भरमा बोलाएको ठाउँमा भेट्न नजाउँ ।
- सामाजिक जिवनमा गर्न नमिल्ने काम तथा व्यवहार सामाजिक सञ्जालमा नगरौं ।
- सामाजिक सञ्जालमा देखिएका भ्रामक, आधिकारिकता नभएका सूचना सन्देश, फोटो तथा भिडियो शेयर नगरौं ।
- कसैको मर्यादा, प्रतिष्ठा तथा सम्मानमा आँच आउने खालका सूचना तथा सन्देश पोष्ट वा शेयर नगरौं ।
- शंकास्पद तथा अशोभनीय सन्देश प्राप्त भए प्रतिपाद गरौं र रेकर्डको लागि सुरक्षित राखौं ।

सामाजिक सञ्जालको उपयोगमा सचेत बनौं र त्यसबाट हुनसक्ने अपराधिक क्रियाकलाप नियन्त्रण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*